# प्रेस विज्ञप्ती

वाग्मती लगायत नदीनालाहरुको सरसफाई अभियान शुरु गरेको २०७५ साल माघ २६ गते ३०० औं हप्ता पुरा हुदैछ। यस अवधिसम्ममा १२ हजार मेट्रिक टन भन्दा वढी फोहोर नदि प्रणालीवाट व्यवस्थित गरिएको, १ दर्जन भन्दा वढी वगैचाहरुको निर्माण गरिएको, ७ लाख ५० हजार स्वयमसेवकहरुको परिचालन गरिएको, उपत्यकामा मात्र २१०० भन्दा वढी संघसस्था परिचालन भएका तथा घर - घर र जनजनमा सरसफाई चेतना विस्तार भएको छ। वाग्मतिवाट शुरु भएको यस अभियान हाल नेपालका ९० भन्दा वढी स्थानमा संचालित छन्।

यस अभियानलाई सबै स्थानीय तहहरुले नेतृत्व लिई सम्वन्धित सबै सरोकारवालाहरुको सहभागितामा वाग्मती लगायत अन्य नदीहरुको सरसफाई अभियान संचालन गर्न यस अघि पनि मन्त्रालयवाट परिपत्र गरिसकिएको छ। यहि २६ गते काठमाडौंको संखमुलमा हुने ३००औं हप्ताको कार्यक्रम सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यमा संचालन हुने भएकोले विहान ७ वजेदेखि १० वजेसम्म काठमाडौं उपत्यकामा कार्यरत सम्पूर्ण सरकारी, अर्धसरकारी निकायका कर्मचारीहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ।

यसका साथसाथै सफाई अभियान देशव्यापी संचालन गर्ने उदेश्य रहेकोले मिति २०७५।१०।२६ गते विहान ७:०० वजे आ-आफुलाई पायक पर्ने स्थानमा उपस्थित भै सफाई अभियान सफल वनाउन सम्पूर्ण सरकारी निकायमा कार्यरत कर्मचारी, अन्य संघ संस्था (निजी तथा गैर सरकारी) मा कार्यरत पेशाविदहरुमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

०७५।१०।२५

सुरेश अधिकारी

प्रवक्ता

सुरेश अधिकारी

सह-सचिव